"कृषि,शिक्षा,स्वास्थ्य,पर्यटन,र सञ्चार समुन्नत तिलागुफाको लागि सबल स्थानीय सरकार"

# तिलागुफा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

गाल्जे,कालीकोट

कर्णाली प्रदेश, नेपाल

## पकेट विकास कार्यक्रम संचालनका लागी प्रस्ताव आह्वान सम्बन्धि सूचना

सूचना नं १०/२०८१/०८२

(सूचना प्रकाशन मिति २०८१।०८।२७)

प्रस्तुत बिषयमा यस तिलागुफा नगरपालिका कृषि विकास शाखा गाल्जे, कालीकोटको आ.व.२०८१/०८२ को स्विकृत बार्षिक कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा स्याउ/ओखरको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन गर्नुपर्ने भएकोले उक्त कार्यक्रम सचालन गर्न इच्छुक कृषि समुह/कृषक सहकारी संस्था/जल/बन उपभोक्ता समिति/कृषि फर्महरुले आवश्यक कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र अर्थात मिति २०८१।०९।११ गतेको कार्यालय समय भित्र (प्रस्तावना पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट) यस तिलागुफा नगरपालिकाको कृषि विकास शाखामा तोकिएको ढाँचा (अनुसुचि १०) अनुसारको प्रस्तावना पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।साथै यस बिषयमा थप जानकारीको लागी तिलागुफा नगरपालिकाको कृषि विकास शाखामा वा सम्पर्क नं. ९८६८४७४९३४ मा सम्पर्क राख्न अनुरोध छ ।

**<u>प्रस्तावनाका साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:</u>**

१) सम्बन्धित निकायमा कृषि समुह /कृषक सहकारी संस्था/जल/बन उपभोक्ता समिति/कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपी ।

२) कृषि समुह /कृषक सहकारी संस्था/जल/बनउपभोक्ता समिति/कृषि फर्मका सम्पुर्ण सदस्यहरुको कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामिस्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा स्याउ/ओखर खेतीको लागी कम्तिमा २५ बर्षको भाडा सम्झौतानामा।

३) प्रस्तावना पेश गर्ने कृषि समुह /कृषक सहकारी संस्था/जल/बन उपभोक्ता समिति/कृषि फर्मका सम्पुर्ण सदस्यहरुको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपी ।

४) कार्य समितिको बैठक बसी प्रस्तावना पेश गर्ने निर्णयको प्रतिलिपी ।

५) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

नोटः अनुसुचि १० को फारमको लागी यस नगरपालिकाको कृषि विकास शाखामा सम्पर्क राख्न अनुरोध छ ।

..........................

(देवकिरण बुढा)

प्रमुख प्रशासकीय अधिकृत